# भूमिसुधार तथा मालपोत कार्यालय भैरहवाबाट जारी भएको छुट जग्गा दर्ता हकदावी सम्बन्धी ३५ दिने सूचना

सुचना । सुचना ।। सुचना ।।।

जिल्ला रुपन्देही गैडहवा गापा वडा नं. ५ बस्ने पाले कहारको नातिनी झिन्नु कहार तथा धर्मराजी कहाइनको छोरी सिता कहाइनले *(गैडहवा गा.पा. ५ को च.नं. १६६ मिति २०८१/०१/२३ को सिफारीस साथ बाबु झिन्नु कहारको मिति २०३२/०६/१५ मा तथा आमा धर्मराजी कहाइनको मिति २०६३/०९/१० गते आ-आफ्नै कालगतिले मृत्यु भई हकखाने हकवाला एकमात्र छोरी सिता कहाइन रहेको किटानी)* सहीत साविकदेखी हालसम्म हामीहरुको जोतभोगमा रहेको तथा आमा धर्मराजी कहाइनको नाममा जग्गा सर्वे नापी भई दर्ता हुन छुटसम्म भएको जिल्ला रुपन्देही साविक बरगदवा गा.वि.स. वडा नं ७क कि.नं. ५५५ ज.वि. ०-२-१७ जग्गा जग्गा मालपोत ऐन,२०३४ को दफा ७(२) तथा नेपाल राजपत्रमा मिति २०८०/१०/११ मा प्रकाशित सुचना बमोजिम छुट जग्गा दर्ता नामसारी गरी जग्गाधनी दर्ता प्रमाण पुर्जा पाउँ भनी मिति २०८१/०१/२७ मा भूमिसुधार तथा मालपोत कार्यालय भैरहवा रुपन्देहीमा निवेदन दिनुभएकोमा माग निवेदन बमोजिम छुट जग्गा दर्ता नामसारी गर्दा अन्य कसैको व्यक्तिगत/सार्वजनिक हकदैयामा असर पर्ने तथा उक्त जग्गा दर्ता गर्न नमिल्ने भए यो सुचना प्रकाशन भएको मितिले ३५ दिनभित्र स-प्रमाण आफैं वा वारेस मार्फत हकदावी गर्नका लागि सरोकारवालामा अनुरोध छ। म्यादभित्र हकदावी उजुर बाजुर नपरेमा प्रचलित कानुन बमोजिम भई जाने व्यहोरा सवैमा अनुरोध छ ।

जग्गाको विवरण

| सि.नं. | जिल्ला | गा.वि.स. | वडा | कि.नं. | क्षेत्रफल | फिल्डबुकको विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | रुपन्देही | बरगदवा | ७क | ५५५ | ०-२-१७ | धर्मराजी कहाइन | |

**इति सम्बत् २०८१ साल २ महिना ३ गते रोज ५ शुभम् ।**